apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



समाचार पृष्ठ ४

'जलवायु परिवर्तनका कारण विपत्ति आएकामा शंका छैन'

● वर्ष: १२ ● अंक: २२७ ● पृष्ठ: ४ ● १७ भदौ २०८३ बुधबार (02 September 2026, Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

राप्रपा सिरहाको अधिवेशन

## राप्रपा अब नयाँ ढङ्गले अघि बढेको छ, बलियो शक्ति बन्दै छ- अध्यक्ष राजेन्द्र लिङ्देन

रुन्केश कामती/अपन दैनिक
सिरहा, भदौ १६ गते




राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले राप्रपा नयाँ ढङ्गले अघि बढिरहेको र आगामी दिनमा बलियो राजनीतिक शक्ति बन्ने दाबी गरेका छन्।

राप्रपा सिरहाको जिल्ला अधिवेशनलाई सिरहा पुस्तकालयको सभा हलमा सम्बोधन गर्दै लिङ्देनले देश र नेपाली जनतालाई जोगाउने जिम्मेवारी अब राप्रपाको काँधमा आएको बताए। राप्रपाको सफलता वा असफलता एउटा पार्टी वा नेताको विषय मात्र नभई देशकै सफलता र असफलतासँग जोडिएको उनको भनाइ थियो।

मधेश केन्द्रित दल र नेताहरूप्रति आलोचनात्मक रूपमा प्रस्तुत भएका लिङ्देनले मधेशी जनताको भावनाअनुसार काम गर्न नसकेको आरोप लगाए। राष्ट्रपति, उपराष्ट्रपति, गृहमन्त्री तथा प्रधानमन्त्रीजस्ता महत्वपूर्ण पदमा मधेशी नेताहरू पुगे पनि मधेशका किसानले अझै एक बोरा युरिया मलका लागि संघर्ष गर्नुपर्ने अवस्था रहेको उनले बताए।

"मधेश केन्द्रित दलहरूले मधेशी जनताको भावनामाथि ठूलो घात गरेका छन्। मधेशी नेताहरू महत्वपूर्ण पदमा पुगे पनि मधेशले दुःख र उपेक्षाबाहेक के पायो?" उनले प्रश्न गरे।

अब मधेश मात्र नभई समग्र देशको जिम्मेवारी राप्रपाले लिनुपर्ने दाबी गर्दै उनले अन्य दललाई पटक-पटक अवसर दिइसकेको भन्दै देश र मधेशको विकासका लागि राप्रपालाई पाँच वर्ष अवसर दिन आग्रह गरे।

अध्यक्ष लिङ्देनले राप्रपा नयाँ ढङ्गले अघि बढेको सन्देश जनतामाझ पुऱ्याउनुपर्ने बताए। बलियो राजनीतिक शक्ति निर्माण गर्ने जिम्मेवारी आफूहरूले निर्वाह गरिरहेको उनको भनाइ थियो।

जेनजी आन्दोलन भएको एक वर्ष पुग्न लाग्दा पनि जनताको मन शान्त हुन नसकेको उल्लेख गर्दै लिङ्देनले देश अहिले ठूलो अँध्यारो सुरुङभित्र पसेजस्तो देखिएको बताए। "ठूला-ठूला राजनीतिक विपत्ति हाम्रै जीवनकालमा देख्यौँ। आज पनि देश लिकमा आइसकेको छैन। देशको आकाशमा अनिश्चयका बादल अझै बाक्लिँदै गएको छ," उनले भने।

बाँकी पृष्ठ ३

## सिरहामा मानव बेचबिखनविरुद्ध राष्ट्रिय दिवस मनाउने तयारी



अपन दैनिक संवाददाता
सिरहा, भदौ १६ गते

मानव बेचबिखनविरुद्धको २०औँ राष्ट्रिय दिवसका अवसरमा सिरहामा विभिन्न सचेतनामूलक तथा सन्देशमूलक कार्यक्रम आयोजना गर्ने निर्णय गरिएको छ।

जिल्ला प्रशासन कार्यालय सिरहामा मंगलबार प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलको अध्यक्षतामा बसेको पूर्वतयारी बैठकले मानव बेचबिखनको जोखिममा रहेका बालबालिका तथा अन्य व्यक्तिको संरक्षण र यसविरुद्ध जनचेतना अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको हो।

बैठकमा सिरहामा मानव बेचबिखनका सम्भावित जोखिमबारे छलफल भएको थियो। विशेषगरी बालबालिकालाई सर्कसमा प्रयोग गर्ने, खेलाडीका रूपमा नेपाल प्रवेश गरेका विदेशी नागरिक छिमेकी मुलुकतर्फ जाने अवस्था, नाबालकलाई समूहमा भारत लैजाने तथा श्रमिकका रूपमा प्रयोग गर्ने र होटलमा हुने यौनजन्य गतिविधिलगायतका विषयमा छलफल गरिएको थियो।

बैठकले यी विषयलाई समेटेर रचनात्मक, प्रचारात्मक तथा सन्देशमूलक कार्यक्रमसहित ऱ्याली आयोजना गर्ने निर्णय गरेको छ।

बाँकी पृष्ठ ४

## रसुवा बाढीका मृतकका परिवारलाई एक लाख राहत दिने मधेश सरकारको निर्णय

अपन दैनिक संवाददाता
सिरहा, भदौ १६ गते



मधेश प्रदेश सरकारले भोटेकोसी तथा त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित मधेशका नागरिकलाई राहत, उपचार तथा आवश्यक व्यवस्थापन गर्ने निर्णय गरेको छ।

मंगलबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले बाढीमा परी मृत्यु भएका प्रदेशका नागरिकका परिवारलाई प्रतिमृतक एक लाख रुपैयाँका दरले पारिवारिक राहत उपलब्ध गराउने निर्णय गरेको हो।

बैठकले बाढीबाट घाइते भएका नागरिकको प्रदेश सरकार मातहतका प्रादेशिक अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गर्ने निर्णयसमेत गरेको छ। प्रदेश सरकार मातहतका स्वास्थ्य संस्थामा उपलब्ध हुन नसक्ने विशेषज्ञ सेवा वा अत्यावश्यक उपचारका लागि सम्बन्धित निकायसँग समन्वय गरी उपचारको व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सहजीकरण गर्ने जनाइएको छ।

यस्तै, बाढी प्रभावित क्षेत्रमा तत्काल आवश्यक राहत सामग्री पठाउने निर्णय गरिएको छ। जसअनुसार ७ हजार थान कम्मल र ७ सय सेट टेन्ट गरी १ करोड ९६ लाख रुपैयाँ बराबरको राहत सामग्री नुवाकोट र रसुवा जिल्लामा पठाइने भएको छ।

उक्त राहत सामग्री मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोमार्फत नुवाकोट तथा रसुवाका जिल्ला प्रशासन कार्यालय, बागमती प्रदेश सरकार र प्रभावित क्षेत्रका स्थानीय तहका जनप्रतिनिधिको रोहबरमा हस्तान्तरण गरिने भएको छ।

यसैगरी, बैठकले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ मा आवश्यक संशोधन गर्न तयार गरिएको संशोधन मस्यौदामाथि राय तथा परामर्श लिन प्रदेश लोक सेवा आयोगमा लेखी पठाउने निर्णय गरेको छ।

स्थानीय तहमा कार्यरत कर्मचारीको सरुवा प्रक्रियालाई व्यवस्थित, पारदर्शी, अनुमानयोग्य तथा न्यायोचित बनाउन तयार गरिएको 'स्थानीय तहका कर्मचारीहरूको सरुवा मापदण्ड, २०८३' समेत मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ।

## दुर्घटना रोक्न र उद्धार व्यवस्थापन गर्न एकद्वार प्रणाली लागू गरिएको हो: गृहमन्त्री गुरुङ

अपन दैनिक संवाददाता
सिरहा, भदौ १६ गते




गृहमन्त्री सुधन गुरुङले पछिल्लो बाढीपहिरो र प्राकृतिक विपद्पछि सरकारले गरिरहेको उद्धार तथा राहत कार्यका बारेमा स्पष्ट पार्दै राज्यका सबै संयन्त्रहरू उच्च प्राथमिकताका साथ कार्यक्षेत्रमा खटिएको बताएका छन्।

मंगलबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै गृहमन्त्री गुरुङले उद्धारका क्रममा भोग्नुपरेका जटिलता, अन्तर्राष्ट्रिय सहयोग र राहत वितरणको अवस्थाबारे जानकारी दिए।

विपद्ग्रस्त क्षेत्र, विशेषगरी श्री ए र टनेल क्षेत्रमा उद्धार कार्य अत्यन्तै कठिन रहेको उनले बताए। प्रतिकूल मौसम र भौगोलिक कठिनाइका कारण हवाई उद्धारमा समस्या भए पनि रातको समयमा समेत प्राविधिक र सुरक्षाकर्मीको टोली परिचालन गरिएको उनले जानकारी दिए।

अहिले सुरुङको माथिल्लो भाग (हेड) बाट खनेर वा ड्रिल गरेर भित्र रहेकाहरूका लागि अक्सिजन र खाद्यान्न पुऱ्याउन सकिन्छ कि भन्ने वैकल्पिक योजनामा सरकारले काम गरिरहेको पनि जानकारी गराए।

बाँकी पृष्ठ ३

## बाढीपछि सम्पर्कविहीन: भेटिने आशामा परिवार, कतै कुशको शव बनाएर अन्त्येष्टि

शैलेन्द्र महतो
जनकपुरधाम, भदौ १६ गते



रसुवाको दोसान हाइड्रोपावरमा सप्तरीका एकै घरका तीन दाजुभाइ भोटेकोशीमा आएको विनाशकारी बाढीपश्चात् सम्पर्कविहीन छन्। बोदेबर्साइन नगरपालिका-८ काचनटोलका ३५ वर्षीय शिवकुमार यादव, ३१ वर्षीय देवकुमार यादव र २५ वर्षीय सचित यादव बाढीपछि सम्पर्कविहीन भए।

दोसान हाइड्रोपावरमा देवकुमार इन्जिनियर, सचित ओभरसियर र शिवकुमार सुपरभाइजरका रूपमा कार्यरत थिए। लालबहादुर यादवका छोरा तीनैजनाको बिहानै परिवारजनसँग कुराकानी भएको थियो। बाढीपछि फोन लाग्न छोड्यो। एकै घरका तीनछोरा सम्पर्कविहीन हुँदा घरमा रुवाबासी छ। टोल नै शोकमा डुबेको छ। खोजबिनका लागि परिवारले सरकारसँग गुहार मागिरहेको छ। परिवारहरू आफैं पनि खोजी लागिरहेका छन्। घरमै बस्ने उनीहरूका जेठो दाइ रामकुमार यादवले खोजबिन गरिरहेको तर केही पत्ता नलागेको सुनाए।

'हामी भाइहरूलाई खोजिरहेका छौँ। तर अझै सम्पर्क हुन सकेको छैन। सरकारले चाँडो खोजिदेओस्' उनको विन्ती छ।

तीन दाजुभाइसँगै सप्तरीबाट अहिलेसम्म ४७ जना सम्पर्कविहीन छन्। ४९ जना सम्पर्कविहीन भएकोमा एकजना सम्पर्कमा आएको र एकजनाको मृत्यु पुष्टि भएको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभु प्रसाद ढकालले जानकारी दिए।

समय लम्बिँदै जाँदा सम्पर्कविहीनका

बाँकी पृष्ठ ४



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## भोटेकोशीको बाढी र हिमालयको चेतावनी

रसुवाको भोटेकोशी नदीमा विनाशकारी बाढी आयो। यो विपद् कसरी नेपालमा आइपुग्यो ? यो एउटा नदीमा आएको आकस्मिक बाढीको घटना मात्र हो कि बदलिँदो हिमालय र जलवायु संकटको गहिरिँदो संकेत हो ? अहिले विज्ञहरूसँगको छलफल र प्रारम्भिक विश्लेषणले यो घटना हिमालय क्षेत्रमा हिउँ-चट्टानको हिमपहिरो, हिमनदीको अस्थिरता र त्यससँग जोडिएको ठूलो मात्राको पानीको प्रवाहसँग सम्बन्धित हुनसक्ने देखाएको छ। यदि यस्तो प्रारम्भिक आकलन पुष्टि हुन्छ भने, भोटेकोशीको विपद् नेपालका लागि मात्र होइन, सम्पूर्ण हिमालय क्षेत्रका लागि गम्भीर चेतावनी हो। हिमाललाई हामीले लामो समयदेखि स्थिर, अटल र सुरक्षित प्राकृतिक संरचनाका रूपमा बुझ्दै आएका छौं। तर जलवायु परिवर्तनले यही बुझाइलाई चुनौती दिइरहेको छ। तापक्रम वृद्धि, हिमनदीको तीव्र पग्लाइ, हिमतालको विस्तार र हिमनदी तथा हिमचट्टानमा देखिँदै गएको अस्थिरताले हिमालयमा नयाँ प्रकारका जोखिम जन्माइरहेका छन्। कुनै हिमनदीको ठूलो भाग उच्च स्थानबाट खस्दा त्यसले अत्यधिक ऊर्जा सिर्जना गर्न सक्छ। त्यस क्रममा बरफ र पानी मिसिनु, तल झर्दै जाँदा थप बरफ पग्लिनु र त्यसले विशाल बाढीको रूप लिनु सम्भव हुन्छ। नेपालको भौगोलिक बनोटका कारण उच्च हिमाली क्षेत्रबाट तलतिर तीव्र गतिमा बग्ने यस्तो बाढीले बाटोमा रहेका बस्ती, पूर्वाधार र नदी आसपासका संरचनालाई क्षणभरमै तहसनहस पार्न सक्छ।

भोटेकोशी नदीमा आएको वाढी र त्यसले पारेको असरको घटनाले यही जोखिमतर्फ हाम्रो ध्यान खिचेको छ। तर यसको वैज्ञानिक कारणबारे अन्तिम निष्कर्षमा पुग्न विस्तृत अध्ययन आवश्यक छ। हिउँ-चट्टान किन खस्यो ? त्यति ठूलो परिमाणमा पानी कहाँबाट आयो ? हिमनदीभित्र कति पानी सञ्चित थियो ? तापक्रम वृद्धि र अन्य भौगर्भिक तथा जलवायुगत कारणले यस घटनालाई कति प्रभाव पार्यो ? यी प्रश्नको वैज्ञानिक उत्तर खोज्नु आवश्यक छ। विशेषतः जलवायु परिवर्तनसँग जोडिएको जोखिमलाई अब विपद् आएपछि राहत र उद्धार गर्ने परम्परागत दृष्टिकोणबाट मात्र हेरेर पुग्दैन । जोखिमको पूर्वानुमान, निगरानी, पूर्वसूचना प्रणाली, जोखिमयुक्त बस्तीको पहिचान र सुरक्षित पूर्वाधार निर्माणलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्छ। हिमनदी र हिमतालहरूको नियमित वैज्ञानिक अनुगमन तथा सम्भावित हिमपहिरो र बाढीको पूर्वचेतावनी प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्छ। स्थानीय समुदायलाई जोखिमबारे जानकारी दिनु र विपद्का बेला तत्काल प्रतिक्रिया दिन सक्ने क्षमता विकास गर्नु पनि उत्तिकै आवश्यक छ।

प्रधानमन्त्री बालेन शाहले जलवायु परिवर्तनका प्रभाव र त्यसले नेपालजस्ता हिमाली मुलुकमा पारिरहेको असरबारे सामाजिक सञ्जालमार्फत निरन्तर आवाज उठाउँदै आएका छन्। यो आवाज अब राष्ट्रिय बहसमा सीमित नराखी अन्तर्राष्ट्रिय जलवायु मञ्चमा अझ सशक्त रूपमा प्रस्तुत गर्नुपर्ने समय आएको छ। नेपालले जलवायु संकटको प्रभाव भोगिरहेको मुलुकका रूपमा आफ्ना अनुभव, तथ्य र क्षतिको प्रमाणसहित विश्व समुदायसमक्ष स्पष्ट प्रश्न राख्नुपर्छ। जसले संकट निम्त्याउन सबैभन्दा कम योगदान गरेका हिमाली देशहरूले किन यसको सबैभन्दा ठूलो मूल्य चुकाउनुपर्ने ? जलवायु परिवर्तन विश्वव्यापी समस्या हो भने त्यसको प्रभावविरुद्धको जिम्मेवारी पनि विश्वव्यापी हुनुपर्छ। हिमालमा हिउँ पग्लिँदा त्यसको असर नेपालमा मात्र सीमित रहँदैन । यसले नदी प्रणाली, पानीको स्रोत, कृषि, जैविक विविधता र अन्ततः करोडौं मानिसको जीवनमा प्रभाव पार्छ। त्यसैले हिमालयको संरक्षण नेपालको एक्लो दायित्व होइन । विकसित र बढी उत्सर्जन गर्ने मुलुकहरूले जलवायु वित्त, प्रविधि हस्तान्तरण, अनुसन्धान तथा अनुकूलनका लागि हिमाली देशलाई पर्याप्त सहयोग गर्नुपर्छ। भोटेकोशीको बाढीले हामीलाई एउटा अर्को पाठ पनि दिएको छ। विपद्लाई प्राकृतिक घटना भनेर मात्र पन्छाउने समय अब सकिएको छ। प्रकृतिको आफ्नै प्रक्रिया हुन्छ, तर जलवायु परिवर्तनले ती प्रक्रियालाई कति तीव्र र अस्थिर बनाइरहेको छ भन्ने प्रश्न मानव सभ्यतासामु उभिएको छ। त्यसैले ...हिउँ-चट्टान किन खस्यो ?' र ...यति धेरै पानी कसरी आयो ?' भन्ने प्रश्नको जवाफ खोज्नु वैज्ञानिक समुदायको मात्र जिम्मेवारी होइन। यो राज्य, राजनीतिक नेतृत्व र अन्तर्राष्ट्रिय समुदाय सबैको साझा दायित्व हो।

नेपालले अब शोक र क्षतिको विवरण सुनाउने मात्र होइन, प्रमाणसहित विश्वलाई आफ्नो पीडा र जोखिम बुझाउने कूटनीतिक पहल गर्नुपर्छ। प्रधानमन्त्री शाहले उठाउँदै आएको जलवायु प्रभावको मुद्दालाई यही घटनाको तथ्यसँग जोडेर अन्तर्राष्ट्रिय तहमा अझ बलियो बनाउन सकिन्छ। भोटेकोशीको बाढीलाई एउटा दुःखद् घटनाका रूपमा बिर्सने कि बदलिँदो हिमालयको चेतावनीका रूपमा लिएर भविष्यको तयारी गर्ने भन्ने निर्णय अब हाम्रो हातमा छ। हिमाल मौन छ भन्दैमा जोखिम पनि मौन छैन । भोटेकोशीले दिएको सन्देश प्रष्ट रुपमा देखिएको छ। जलवायु संकटको सामना गर्न नेपाल अब अझ सचेत, वैज्ञानिक र अन्तर्राष्ट्रिय रूपमा अझ मुखर हुनैपर्छ। जसले भविष्यमा नेपाललाई सुरक्षित राख्छ र नेपाली नागरिक पनि सुरक्षित रहन्छ। त्यससँगै यसको चक्रमा पर्ने वातावरणीय जोखिम पनि न्यून हुन सक्छ।

# राहत प्रणाली: एकद्वार कि खुला ?

### यति ठूलो विपद् व्यवस्थापन रास्वपाको राजनीतिक श्रेय र सरकारको हिरोइज्म, गृहमन्त्रीको सुधन गुरुङको निजी बहादुरी र पराक्रमको विषय हुन सक्दैन ।

**टिप्पणी**

**सरकारले राहत कार्यमा स्थानीय सरकारलाई विश्वास गर्नु उचित हुन्छ। स्थानीय बासिन्दाको स्थितिबारे वडाध्यक्षलाई भन्दा राम्रो जानकारी अरु कुनै राज्य संयन्त्रलाई हुन सक्दैन।**



भदौ १० गतेको रसुवा बढीका पीडितको खोजी, पहिचान, उद्धार, राहत, स्वास्थ्योपचार र पुनर्स्थापना प्रक्रियामा सरकारले एकद्वार नीति लागू गर्न खोजेको छ। तर, सरकारको यस्तो नीति तथा निर्णयविपरित विभिन्न राजनीतिक दल, संघसंस्था, समूहले स्वयंसेवक परिचालन, राहत संकलन र वितरण गर्दै आएका छन्। राहत प्रणाली एकद्वार हो कि बहुद्वार वा खुला प्रस्ट हुन सकेको छैन ।

बाढी प्रभावित क्षेत्रमा नेकपा एमालेले 'युवा संघ' र श्रम संस्कृति पार्टीले उसकै भाषामा 'श्रमदाता' परिचालन गरेको छ । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज साम्पाङ राईले सरकारको एकद्वार नीतिको निरन्तर विरोध गरिरहेका छन् । सरकारी संयन्त्रले आफ्नो पार्टीले परिचालन गरेका श्रमदातालाई उद्धार तथा राहत कार्य गर्न नदिएको उनको असन्तुष्टि सामाजिक सञ्जालमा निरन्तर प्रकट भइरहेको छ।

उद्धार राहतका कार्यमा संलग्न हुँदा कुनै राजनीतिक दल वा संघसंस्थाको लोगो वा प्रतीकचिह्न खुल्ले पोशाक लगाउने वा नलगाउने विषयमा पनि मतभेद देखिन्छ। सरकार एकलकाँटे तरिकाले चल्न खोज्दा उद्धार तथा राहत कार्य प्रभावकारी नभएको गुनासो पनि सुनिन्छ।

विपद्कालीन परोपकार उद्देश्यले स्थापित संस्थाहरूलाई एकद्वार नीतिबम नाममा स्थलगत उद्धार तथा राहतजस्ता मानवीय सहयोग कार्यबाट रोक्न मिल्दैन । जस्तो कि रेडक्रस । यस्ता संस्थालाई नरोक्न मिल्छ न प्रतीक चिह्न प्रयोग गर्न विमुख गराउन सकिन्छ । तर, राजनीतिक उद्देश्य, 'विपद् पर्यटन' तथा 'सस्तो श्रेय' भावनाबाट प्रेरित भिडभाड र प्रचारमुखी क्रियाकलापले भने स्थलगत जटिलता बढाउन सक्दछ। यो पाटोलाई बेवास्ता गर्न मिल्दैन।

सरकारको एकद्वार नीतिका बाबजुद कतिपय राजनीतिक दल तथा संघसंस्थाहरूले राहत सामग्री तथा रकम संकलन गरिरहेका छन्। श्रम संस्कृति पार्टी र राष्ट्रिय जनमोर्चाले घोषित रूपमै राहत संकलन गर्ने निर्णय गरेका छन्। कसैले यस्ता कार्यहरू गर्दा समग्र नीतिगत प्रभाव पर्छ। त्यसैलाई उदाहरण बनाएर अरुले सोही प्रक्रियाको माग गर्न सक्दछन्। राज्यले दल वा संस्थाबीच भेद गर्न मिल्दैन। कुनै खास दल र संस्थाले गर्न मिल्ने, अरुले किन नमिल्ने भन्ने प्रश्नको कुनै उत्तर हुँदैन।

तर, राहतका नाममा संकलित सामग्री र रकम दुरुपयोग हुन सक्ने संभावना अस्वीकार गर्न सकिँदैन। संकलित रकमको जिम्मेवारी र पारदर्शिताको प्रश्न सँगसँगै जोडिएर आउँछ।

विपद् प्रभावित क्षेत्रमा संघीय सरकारप्रति अविश्वास, गुनासो र असन्तुष्टि बढ्दै गएको सुनिन्छ। सरकारले स्थानीय सरकार र सम्बन्धित क्षेत्रका प्रतिनिधिहरूसँग समन्वय र सहकार्य गर्न नसकेको आरोप लागेको छ । सरकारले राहत कार्यमा स्थानीय सरकारलाई विश्वास गर्नु उचित हुन्छ। स्थानीय बासिन्दाको स्थितिबारे वडाध्यक्षलाई भन्दा राम्रो जानकारी अरु कुनै राज्य संयन्त्रलाई हुन सक्दैन।

उद्धार संघीय सरकारले, समन्वय प्रदेशले र राहत वितरण स्थानीय सरकारले गर्ने सहमति र समन्वय हुने हो भने त्यो सबैभन्दा उचित मोडेल हुन सक्दछ।

स्थानीय जनप्रतिनिधिहरू सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका नभएको कारणले समेत समन्वयमा अविश्वास र जटिलता उत्पन्न भएको कतिपयको भनाइ छ। प्रभावित क्षेत्रका पालिका प्रमुख र वडाध्यक्षहरूले नै संघीय सरकारमाथि यस्तो आरोप लगाई रहेका छन्। विपद्का बेला राजनीतिक पूर्वाग्रह झनै आपत्तिजनक हो । यदि यो सत्य हो भने दूर्भाग्यपूर्ण हो। संघीय सरकारले दल नहेरिकन प्रदेश र स्थानीय सरकार तथा जनप्रतिनिधिलाई विश्वास गर्नुपर्दछ।

यति ठूलो विपद् व्यवस्थापन रास्वपाको राजनीतिक श्रेय र सरकारको हिरोइज्म, गृहमन्त्रीको सुधन गुरुङको निजी बहादुरी र पराक्रमको विषय हुन सक्दैन। राज्यका सबै तह र निकाय, राजनीतिक वृत्त, सामाजिक संघसंस्था र निजी क्षेत्रबीच वृहत्त सहकार्य र समन्वय आवश्यक हुन्छ। स्थानीय तहसँग सहकार्य र समन्वय गर्न हिचकिचाउने सरकारले अपेक्षित परिणाम दिन सक्दैन । र, त्यो राम्रो प्रचलन होइन।

बालेन सरकारको अन्तर्राष्ट्रिय समन्वय क्षमतामा पनि गम्भिर प्रश्न चिह्न खडा भएको छ। चीन सरकारले आफूहरूले केही दिन अगाडि नै संभवित् विपद्को सूचना नेपाल सरकारलाई दिएको बताएर सरकारको नैतिक संकट बढाइ दिएको छ। नेपाली अधिकारीहरू बाढीको केही मिनेटअघि मात्र सूचना पाएको, चीनतिरबाट कुनै सूचना नपाएको बताउँदै आएका थिए।

भारत र चीनले भोलिपल्टै सुरुङमा फसेकाहरूको उद्धार गर्ने दक्षता भएको टोली पठाउने तत्परता देखाएका थिए । तर, सरकारले ४ दिनसम्म यस्तो प्रस्ताव अस्वीकार गर्‍यो । नेपाल आफैं सबैथोक गर्न सक्षम छ भन्ने सन्देश दिन चाह्यो। यो प्रवृत्ति 'क्षमता प्रदर्शन राष्ट्रवाद' का रुपमा आलोचित भएको छ। नेपालको आर्थिक, प्रशासनिक, प्राविधिक क्षमतास्तर सबैलाई थाहा भएकै हो । सिंहदरवारको कुर्सीमा अमुक व्यक्ति बस्दैमा राज्यको क्षमतास्तर रातारात बढ्दैनथ्यो।

आधारभूत मानवीय सहयोगका कार्यमा समेत सरकारको अनुमति चाहिने हो भने परोपकारी संस्थाले प्रभावित स्थलमा गएर काम गर्न सक्दैनन्। सरकार सबै कार्यका लागि आफैं पूर्ण सक्षम छ भए त्यो व्यवहारमा देखिनुपर्दछ । सरकार आफू सक्षम नहुने, बहुपक्षीय समन्वय गर्न नचाहने, नसक्ने, गर्न चाहनेलाई पनि गर्न नदिने हो भने त्यसले विपत्तिलाई थप जटिल बनाउँछ।

यस्तो बेला सरकारको काम नियन्त्रण होइन, समन्वय हो। हिरोगिरी होइन, संवेदनशीलता, विवेक र समुचित निर्णय हो।

विगतमा हाम्रा अनुभव बहुद्वार अभ्यासमा आधारित थिए । २०७२ सालको भूकम्पमा घर भत्किाएहरूलाई विभिन्न संघसंस्था, व्यावसायिक घराना वा संगठन र राजनीतिक दलहरूले मद्दत गरेका थिए। कतिपय संस्था र निजी क्षेत्रले पुनर्स्थापना र पुनर्निर्माणमा समेत पहलकदमी लिँदै अस्थायी घर टहरा निर्माण र नमुना वस्ती विकासमा सहयोग गरेका थिए। विपद्पछिको पुनर्निर्माणका लागि भिन्नै प्राधिकरण गठन गरिएको थियो।

भूकम्पको क्षति देशभरि छरिएको थियो। त्यसको तुलनामा अहिलेको क्षति सीमित क्षेत्रमा छ। रसुवा, नुवाकोट र धादिङ जिल्लाका निश्चित इलाकामा शक्तिललाई केन्द्रित गर्ने सुविधा छ।

विपतपछिको उद्धार राहत ठीक ढंगले अघि नबढे पीडितमा उत्पन्न हुने आक्रोशले अर्कै मोड दिन सक्ने संभावना रहन्छ। पीडितहरूको आशा र धैर्यताको बाँध फुट्यो भने अनपेक्षित स्थिति सिर्जना हुन सक्दछ। २०४५ सालको भूकम्पपछि राहत उद्धारमा भएको ढिलासुस्ती र पक्षपातले भक्तपुरका तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य कर्णबहादुर ह्याजूको आक्रोशित भिडको आक्रमणाबाट हत्या भएको थियो। विपद्को पीडाले मर्माहत समुदाय राज्यप्रति आक्रोशित हुने स्थिति बन्न दिनु हुँदैन।

२०६५ साल भदौमा सप्तकोशीको कुसाहा बाँध फुट्दा अहिलेको तुलनामा जीवनको क्षति कम भए पनि प्रभावित जनसंख्या कम थिएन। अहिलेका बालेन्द्र शाहजस्तै तत्कालीन माओवादी विद्रोही नेता प्रचण्ड २०६४ चैतको चुनावबाट भर्खरै सत्तामा आएका थिए । उनले यो विपद् राम्रैसँग व्यवस्थापन गरेका थिए । २०८१ असोजको रोसीखोला सुनकोशी व्यवस्थापन गर्न चुक्दा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको चर्को आलोचना भएको थियो।

त्यतिखेरका अनुभव पनि अहिले काम लाग्न सक्छ । विशेषतः अस्थायी शिविर खडा गरी पीडितलाई राहत पुऱ्याउने र केही महिनाभित्र सहज पुनर्स्थापना गर्ने दृष्टिकोणले सप्ताकोशी कुसाहा बाँध फुट्दाका अनुभव प्रभावकारी थिए।

यस्ता ठूलो विपद्का बेला प्रधानमन्त्रीकै अग्रसरता सर्वदलीय, सर्वपक्षीय बैठकहरू आयोजना गर्नु र सबैलाई विश्वासमा लिएर अघि बढ्नु राज्य सञ्चालकहरूकै लागि हितकर हुन्छ । तर, प्रधानमन्त्री बालेन्द्र शाहको रुचि यतातर्फ देखिन्न । सर्वदलीय बैठकहरूको आयोजना रास्वपा सभापति रवि लामिछानेले गर्ने गरेका छन् । त्यस्ता बैठकमा प्रधानमन्त्री शाह उपस्थित हुने गरेका छैनन्। उनले पीडित समुदाय र राष्ट्रका नाममा औपचारिक संबोधन पनि गरेका छैनन्। सरकार प्रमुखको औपचारिक संबोधनको महत्त्व र प्रभाव उनले देवानगञ्ज घटनाका सन्दर्भमा बुझेको हुनुपर्ने हो।

सरकार एकद्वार प्रणालीको प्रभावकारिताबारे निश्चिन्त हुन

बाँकी पृष्ठ ३ ▸▸

# आजको राशिफल

**मेष** : दिन राम्रो छ। धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गर्नु उचित हुन्छ। पारिवारिक मेलमिलाप हुनेछ।

**बृष** : दिन राम्रो छ। नयाँ व्यक्तिसँगको भेटले मन शान्त बन्नेछ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

**मिथुन** : दिन सामान्य छ। तपाईंको बोलीका कारण साथीभाई टाढा हुनेछन्। परिवारको सल्लाहमा गरेको काम सफल बन्नेछ।

**कर्कट** : दिन राम्रो छ। जिम्मेवारी थपिने छ। दाजुभाइसँगको सहकार्यले फाइदा हुनेछ। जग्गाको कारोबारबाट भने फाइदा हुनेछ।

**सिंह** : दिन सामान्य राम्रो छ। आफन्त टाढिने जोखिम छ। राजनीतिक नेतृत्वको साथमा महत्त्वपूर्ण काम बन्नेछ।

**कन्या** : दिन राम्रो छ। विदेशमा गरेको लगानीबाट नाफा हुनेछ। व्यापारमा हिम्मत गर्नुपर्ने देखिन्छ।

**तुला** : संघर्ष गर्नुपर्ने दिन छ। बौद्धिक व्यक्तिसँग सल्लाह लिएर काम गर्नुपर्ने दिन छ।

**वृश्चिक** : दिन राम्रो छ। वैदेशिक रोजगारीमा नाफा हुनेछ। बौद्धिक व्यक्तिसँगको परामर्शमा काम गर्दा फाइदा हुनेछ।

**धनु** : दिन राम्रो छ। कृषि र फलफूलको व्यापार गरेमा फाइदा हुने योग छ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

**मकर** : दिन राम्रो छ। बौद्धिक व्यक्तिसँग भेट हुनेछ। प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ।

**कुम्भ** : दिन सामान्य छ। अभिभावकले दिएको आशिर्वादले मात्र तपाईंको दिन सहज बन्नेछ।

**मीन** : दिन राम्रो छ। परिवारको साथ र सहयोग मिल्ने छ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# प्रधानाध्यापक कुटपिट प्रकरण: फेसबुकमा भिडियो सार्वजनिक भएपछि युवक पक्राउ

अपन दैनिक संवाददाता
सर्लाही, भदौ १६ गते





सर्लाहीको बलरा नगरपालिका-४ स्थित श्री रामसखी मोहित सिंह जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई कुटपिट तथा सवारी साधन तोडफोड गरिएको भिडियो सामाजिक सञ्जालमा प्रसारित भएपछि जिल्ला प्रहरी कार्यालय मलङ्गवाले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

विद्यालयभित्र सरसफाइ गराउने विषयमा विद्यार्थीलाई गालीगलौज र दुर्व्यवहार प्रधानाध्यापकले गरेको विषयलाई लिएर सोही विद्यालयका विद्यार्थी तथा शिक्षकहरूबिच छलफल भइरहेको थियो।

सोही क्रममा बलरा नगरपालिका-४ बस्ने ५५ वर्षीय प्रधानाध्यापक वीरेन्द्र झामाथि कुटपिट भएको थियो। कुटपिटबाट उनी सामान्य घाइते भएका छन् भने उनको सवारी साधनसमेत तोडफोड गरिएको छ।

उक्त घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय मलङ्गवाबाट आवश्यक अनुसन्धान भइरहेको छ। घटनामा संलग्न रहेको आरोपमा बलरा नगरपालिका-२ बस्ने २० वर्षीय अभिषेक कापडलाई प्रहरीले तत्काल नियन्त्रणमा लिएको छ।

घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी तथा थप अनुसन्धान कार्य भइरहेको प्रहरी नायव उपरीक्षक एवं सूचना अधिकारी वेद प्रसाद गौतमले जानकारी दिएका छन्।

# पूर्वाधारमन्त्रीलाई रास्वपा सचेतकको जवाफ: स्थानीय तह पनि विपदका पीडित हुन्

## काठमाडौंमा बसेर स्थानीय तहलाई आरोप लगाउनु किमार्थ उचित होइनः क्रान्तिशीखा धिताल

अपन दैनिक संवाददाता
काठमाडौं, भदौ १६ गते





रसूवा बाढी लगत्तै स्थानीय तह स्वतस्फुर्त परिचालित नभएको भौतिक पूर्वाधारमन्त्री सुनील लम्सालको टिप्पणीप्रति लिएर सत्तारुढ रास्वपाकी प्रमुख सचेतक क्रान्तिशिखा धितालले असन्तुष्टि जनाएकी छन्।

काठमाडौंमा बसेर स्थानीय तहलाई आरोप लगाउनु उचित नभएको उनको भनाइ छ।

सामाजिक सञ्जालमा स्टाटस लेख्दै धितालले स्थानीय तहहरु आफैं विपद्को पीडित भएको बताएकी छन्।

उनी लेख्छिन्, 'काठमाडौंमा बसेर स्थानीय तह सक्रिय भएन, हामीसँग समन्वय भएन भनेर मात्र आरोप लगाउनु किमार्थ उचित हुँदैन। अरे, हामीले कस्तो नसम्झेको, स्थानीय तह आफैं पनि यो विपद्को पीडित हो। उसको आफ्नै सहर बाढीले बगाएर बगर बनेको छ। जसले आफैं गाँस, बास र कपास गुमाएको छ, उसैबाट पूर्ण क्षमतामा सोच्न, निर्णय गर्न र अरूलाई सम्हाल्न अपेक्षा गर्नु कति न्यायोचित हो ?'

प्रभावित प्रदेश र स्थानीय तहलाई कठघरामा उभ्याउने होइन, उनीहरूलाई उभिन सक्ने बनाउनुपर्ने धितालको भनाइ छ।

'विपद्मा सरकारका तहहरू प्रतिस्पर्धी होइनन्, एकअर्काका सहारा हुन्। हामी सहारा बनौं,' उनले लेखेकी छन्।

मन्त्री लम्सालले हिजो एक अन्तरक्रियामा रसूवामा बाढी आएलगत्तै स्थानीय तह स्वत: सक्रिय नभएको भन्दै असन्तुष्टि जनाएका थिए।

# गहुँको समर्थन मूल्य तोक्न कृषि विभागले स्थलगत अध्ययन थाल्यो

अपन दैनिक संवाददाता
सिरहा, भदौ १६ गते

कृषि विभागले आगामी गहुँको न्यूनतम समर्थन मूल्य निर्धारणका लागि विभिन्न जिल्लामा स्थलगत अध्ययन सुरु गरेको छ।

विभागले कोशी प्रदेशका सुनसरी र उदयपुर, मधेश प्रदेशका सिरहा र रौतहट, बागमतीका काभ्रेपलाञ्चोक र धादिङ, गण्डकीका गोरखा र तनहुँमा अध्ययन टोली परिचालन गरेको छ।

त्यस्तै, लुम्बिनीका नवलपरासी, कपिलवस्तु र रुपन्देही, कर्णालीको सुर्खेत तथा सुदूरपश्चिमका कैलाली र कञ्चनपुरमा पनि अध्ययन भइरहेको विभागले जनाएको छ।

टोलीले गहुँ उत्पादनमा लाग्ने लागत, बीउ, मल, श्रम, मुद्रास्फीति तथा बजार मूल्यको विश्लेषण गरी प्रतिवेदन तयार गर्नेछ। सोही प्रतिवेदनका आधारमा न्यूनतम समर्थन मूल्य निर्धारण गरी कृषि, वन तथा वातावरण मन्त्रालयमा प्रस्ताव पठाइनेछ।

सरकारले निर्धारण गरेको समर्थन मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत गहुँ खरिद गरिनेछ।

गत वर्ष सरकारले गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल ३ हजार ९४० रुपैयाँ निर्धारण गरेको थियो।

## दुर्घटना रोक्न र उद्धार व्यवस्थापन गर्न एकद्वार प्रणाली .............

'त्यहाँको जमीन दलदले माटोले भरिएको छ, जसका कारण उद्धारमा प्रयोग गरिएका एक्साभेटरहरू समेत डुब्ने अवस्था छ। हामीले उद्धारका लागि ढोका खुला राखेका छौं,' उनले भने, 'भारतीय र चिनियाँ टोलीहरू तेस्रो दिनदेखि नै कार्यक्षेत्रमा खटिएर सर्भे र रेस्क्यु प्लानमा सघाइरहनुभएको छ। अत्यन्तै साँघुरो र जोखिमपूर्ण हवाई क्षेत्र भएकाले दुर्घटना रोक्न र उद्धारलाई व्यवस्थित बनाउन हवाई व्यवस्थापनमा मात्र एकद्वार प्रणाली लागू गरिएको हो।'

विदेशी उद्धार टोलीलाई सरकारले रोकेको भन्ने चर्चाको खण्डन गर्दै गृहमन्त्रीले नेपाल सरकारले शुरुदेखि नै छिमेकी राष्ट्रहरूसँग समन्वय गरिरहेको समेत बताए। उनका अनुसार हाल भारतीय र चिनियाँ टोलीहरूले नेपाली सेनासँगको समन्वयमा प्राविधिक सहयोग र उद्धार कार्य गरिरहेका छन्।

बाढीपहिरोको पूर्वसूचना दिन र नागरिकको ज्यान जोगाउन खटिएकै अवस्थामा चार जना सुरक्षाकर्मी बेपत्ता भएको दुःखद् जानकारी पनि उनले दिए।

राति ९:१५ बजेदेखि नै एसएमएस र माइकिङमार्फत पूर्वसूचना प्रवाह गरिएको दाबी गर्दै उनले सुरक्षाकर्मीहरूले आफ्नै ज्यान जोखिममा राखेर नागरिकको रक्षा गरिरहेको बताए।

## राहत प्रणाली: एकद्वार कि .............

नसके बहुद्वार वा खुला विकल्प नियन्त्रण गर्नेतिर लाग्नु हुँदैन। सरकार आफैंले पनि गर्न नसक्ने, सहयोग गर्न चाहनेहरूलाई पनि गर्न नदिने हो भने त्यो पीडितप्रतिको संवेदनाहिनता र मानवीय अपराध मानिनेछ। सरकारी संयन्त्र प्रभावकारी नभइरहेको सन्दर्भमा अन्य समानान्तर संयन्त्र र संघसंस्थाले पुऱ्याउने सहयोग पीडितका लागि महत्त्वपूर्ण र जीवनदायी सावित हुन सक्दछ।

## राप्रपा अब नयाँ ढङ्गले अघि बढेको छ, बलियो शक्ति बन्दै ...........

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका लिङ्देनले सरकारमा जाने वा नजाने विषय राप्रपाको तत्कालीन प्राथमिकता नभएको स्पष्ट पारे। राप्रपा सत्ताकेन्द्रित गतिविधिमा सहभागी नहुने पार्टीको निर्णय रहेको उनले बताए।

"राप्रपा कहिल्यै सरकारमा नजाने पार्टी होइन। सरकारमा कहिल्यै जाँदैनौं भनेर कसम खाएका छैनौं। तर, सरकारमा जाने वा नजाने निर्णय पार्टीले आवश्यकताअनुसार गर्छ," उनले भने।

प्रदेश सरकारमा राप्रपाका सांसदहरू सहभागी भएको विषयमा समेत उनले पार्टीको निर्देशन पालना गर्नुपर्ने बताए। "संसदीय व्यवस्थामा पार्टीका सांसदले पार्टीको निर्देशन पालना नगर्ने हो भने दलीय व्यवस्था कसरी चल्छ ?" उनले प्रश्न गरे।

आफूले पार्टीको नेतृत्व सम्हालेपछि राप्रपालाई पहिलो वा दोस्रो शक्ति बनाउन नसके पनि आफ्नो कुनै निर्णयका कारण नेता-कार्यकर्ताले शिर झुकाउनुपर्ने अवस्था नआएको लिङ्देनले दाबी गरे। सही ढङ्गले काम गरे निराश हुनुपर्ने अवस्था नरहेको उनले बताए।

राप्रपा सिरहाको जिल्ला अधिवेशनले शम्भु प्रसाद यादवको अध्यक्षतामा २७ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत चयन गरेको छ।

नवनिर्वाचित जिल्ला अध्यक्ष शम्भु प्रसाद यादवले आफ्नो नेतृत्वको कार्यसमितिले सिरहा जिल्लामा राप्रपाको संगठनलाई गाउँ तथा टोलस्तरसम्म विस्तार गरी मजबुत बनाउने प्रतिबद्धता जनाए। राप्रपाको वैचारिक एजेन्डालाई दृढताका साथ जनतामाझ पुऱ्याउँदै जिल्लामा पार्टी संगठनलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्दै यादवले अधिवेशन समापन भएको घोषणा गरे।






माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## भूमि प्रशासन कार्यालय, सिरहा

### हकदावी सम्बन्धी ३५ दिने सूचना ।

मेरो नामको जिल्ला सिरहा साविक गा.वि.स. गौरिपुर वडा नं. ८ग किता नं. ३०८ को ज.वि. ०-५-० जग्गाको ज.ध. दर्ता श्रेष्ता र जग्गाधनी प्रमाणपुर्जामा जग्गाधनीको नाम महेश्वर महतो कोईरी हुन गई नाम फरक परेकोले नागरिकता प्रमाण पत्रमा भए बमोजिमको नाम तीनपुस्ते समेत कायम गरि पाउँ भनि जिल्ला सिरहा अर्नामा गा.पा. वडा नं. २ ब्रहमपुरि बस्ने प्रेम महतोको नाती महाबिर महतोको कोईरिको छोरा चन्द्रशेखर महतोले द.नं. १७४१७ मिति २०८३।०२।१३ गते माग निवेदन गरेकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। निजको मागदावी बमोजिम नाम संसोधन गर्दा अन्य कसैको हकदैयामा प्रभाव पार्ने भए यो सूचना प्रकाशित भएको ३५ दिन भित्र हकदावी गर्नुहोला अन्यथा निवेदकको माग निवेदन बमोजिम नाम संशोधन हुने व्यहोरा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| गा.वि.स./न.पा | वडा नं. | कि. नं. | क्षेत्रफल | जग्गाधनीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| गौरिपुर | ८ग | ३०८ | ०-५-० | महेश्वर महतो कोईरी | |

जग्गाधनीको नाम चन्द्रशेखर महतो र बाजेको नाम प्रेम महतो कायम गरी पाउँ व्यहोराको माग निवेदन रहेको

# बढेर आयो पेट्रोलियम पदार्थको मूल्य, नबढाउने निगमको निर्णय

## १५ दिनमा १ अर्ब २४ करोड घाटा हुने दाबी

**अपन दैनिक संवाददाता**
सिरहा, भदौ १६ गते




इन्डियन आयल कर्पोरेसनबाट पेट्रोलियम पदार्थको खरिद मूल्य बढेर आए पनि नेपाल आयल निगमले सर्वसाधारणका लागि इन्धनको बिक्री मूल्य नबढाउने निर्णय गरेको छ। भोटेकोसी नदीमा आएको असाधारण बाढीका कारण उत्पन्न विषम परिस्थितिलाई ध्यानमा राख्दै निगम सञ्चालक समितिले मूल्य यथावत् राख्ने निर्णय लिएको हो।

इन्डियन आयल कर्पोरेसनबाट भदौ १५ गते प्राप्त नयाँ खरिद मूल्य अनुसार पेट्रोलमा प्रति लिटर ३ .३४, डिजेलमा ४.३३, मट्टितेलमा १०.१९, हवाई इन्धनमा ४.९६ र एलपी ग्यासमा प्रति सिलिन्डर ३५.६२ ले मूल्य वृद्धि भएर आएको थियो।

यद्यपि, बाढीपहिरोका कारण नागरिकले भोग्नुपरेको असहज परिस्थितिलाई मध्यनजर गर्दै निगमले भदौ १७ गते बिहान १२:०१ बजेदेखि लागू हुने गरी साबिककै खुद्रा बिक्री मूल्य कायम राखेको छ। पोखरा र भैरहवाका लागि भने अन्तर्राष्ट्रिय हवाई इन्धन 'ब्रेकइभेन पोइन्ट' मा बिक्री गरिने जनाइएको छ।

अन्तर्राष्ट्रिय बजारमा मूल्य बढे पनि सर्वसाधारणको सुविधाका लागि बिक्री मूल्य नबढाउँदा निगमलाई आगामी १५ दिनमा करिब १ अर्ब २४ करोड ५७ लाख घाटा हुने जनाएको छ।




## बाढीपछि सम्पर्कविहीन: भेटिने आशमा परिवार ............

परिवारको आशा मर्दै गएको छ।

बाढीबाट ज्यान जोगाएर भागेका राजगढ गाउँपालिका-४ का अनिल मण्डल सप्तरीका आफूले चिनेका ९ जना इन्जिनियर नै सम्पर्कविहीन रहेको सुनाउँछन्। रसुवाको मैलुङमा बसेर कोरियन कम्पनीको काम गर्थे। नाइट ड्युटी सकेर सुतिरहेका थिए। बाढी आउँदै छ भन्ने सुन्नासाथ माथि भागेका उनीसहित केही जोगिए। अरू धेरै मान्छे भाग्न सकेनन्। कोहीको भाग्ने क्रममै बाढीले बगाएको उनले देखेका थिए।

'जानकारी आउनेबित्तिकै हाम्रो ५-६ जनाको ग्रुप भाग्यौं' उनले भने, 'सडकमा पुगेपछि दुई मिनेटमै बाढी आयो। कति भाग्न सके, कति भाग्ने क्रममै थिए। नसकेकालाई बाढीले बगायो ' उनी सुनाउँछन्। सम्पर्कविहीनको खोजीमा परिवार तथा आफन्तजन खटिएका छन्।

पर्साका एक परिवारले सम्पर्कविहीन आफन्तको मृत्यु भइसकेको र शव नभेट्ने ठानेर किरिया समेत सुरु गरेको छ। पर्साको पोखरिया नगरपालिका-७ रानीगन्जका ४० वर्षीय सोनेलाल पण्डितको सोमबार कुशको शव बनाएर अन्त्येष्टि गरियो। उनी एक अपाङ्ग थिए। वडा नम्बर ७ का वडाध्यक्ष परमानन्द कुर्मीका अनुसार पण्डित वर्षौंदेखि रसुवामै रहेर ठेक्का लिएर मजदुर परिचालन गरी निजी घर बनाउने काम गर्दै आएका थिए।

'उहाँसँगै काम गर्ने मजदुरहरू भागेर ज्यान जोगाए। तर पण्डित कारण भाग्न सक्नु भएन। बाढीमा बगेको जानकारी मजदुरहरूले नै परिवारलाई दिएका थिए' वडाध्यक्ष कुर्मीले भने, 'पाँच दिनसम्म शव फेला परेन। मृत्यु भइसकेको ठानेर परिवारजनले कुशको शव बनाएर अन्त्येष्टि गरेका छन्।'


बाढीपछि हराइरहेका तीन दाजुभाइ शिवकुमार यादव, देवकुमार यादव र सचित यादव

वडाध्यक्ष कुर्मीका अनुसार स्थानीय तुल्सी पण्डित (कुम्हार)का छोरा सोनेलालको ४ वर्षअघि उत्तै घर बनाउने क्रममा दुर्घटनामा परेर एउटा खुट्टा गुमाउनु परेको थियो। रसुवाको बाढीपछि हालसम्म पर्साका ३८ जना सम्पर्कविहीन छन्।

### मधेश प्रदेशका १६४ जना अझै सम्पर्कविहीन, ३० जना सम्पर्कमा

मधेश प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको मंगलबार दिउँसोसम्मको तथ्यांक अनुसार रसुवा बाढीमा १६४ जना सम्पर्कविहीन छन्। १९५ जना बेपत्ता रहेकामा ३० जना सम्पर्कमा आएको र एकजनाको मृत्यु भइसकेको छ।

सप्तरीका ४९ जना मध्ये एकजना सम्पर्कमा र एकजनाको मृत्यु भएको छ। पर्साका ४० जना मध्ये दुईजना सम्पर्कमा आएका छन् भने अन्य ३८ जना सम्पर्कविहीन छन्।

बाराका २५ जनामध्ये २ जना सम्पर्कमा आएका छन् भने २३ जना सम्पर्कविहीन रहेको तथ्यांकमा उल्लेख छ। रौतहटका १९ जनामध्ये ६ जना सम्पर्कमा आएका छन् भने १३ जना अझै सम्पर्कविहीन छन्। सर्लाहीका २१ जनामध्ये ३ जना सम्पर्कमा आए पनि १८ जना सम्पर्कविहीन छन्।

यसैगरी महोत्तरीका १७ जनामध्ये ७ जना सम्पर्कमा आएका छन् भने १० जना सम्पर्कविहीन रहेका छन्। धनुषाका १४ जनामध्ये ७ जना सम्पर्कमा आएका छन् भने अझ ७ जना सम्पर्कमा आउन सकेका छैनन्। सिरहाका १० जनामध्ये २ जना सम्पर्कमा आएका छन् भने ८ जना अझै सम्पर्कविहीन रहेको प्रहरीको तथ्यांक छ।

### ५ जना सुरक्षाकर्मी पनि बेपत्ता

बाढीपछि मधेशका विभिन्न जिल्लाबाट सम्पर्कविहीन भएका व्यक्तिमध्ये नेपाल प्रहरीका १० जना कर्मचारी पनि छन्। तीमध्ये ७ जना सम्पर्कमा आइसकेका छन् भने ३ जना अझै सम्पर्कविहीन छन्।

त्यस्तै नेपाली सेनाका ३ जना सम्पर्कविहीन भएकोमा एक जना सम्पर्कमा आएका छन् भने २ जना अझै सम्पर्कविहीन रहेको मधेस प्रदेश प्रहरी कार्यालयको विवरणमा उल्लेख छ।

# 'जलवायु परिवर्तनका कारण विपत्ति आएकामा शंका छैन'



**अपन दैनिक संवाददाता**
सिरहा, भदौ १६ गते

प्रधानमन्त्री वालेन्द्र शाहले गत बुधबार रसुवाको भोटेकोशी नदीमा आएको बाढी जलवायु परिवर्तनका कारण भएको बताएका छन्।

मंगलबार सामाजिक सञ्जालमार्फत उनले भनेका छन्, 'जलवायु परिवर्तनले हिमालय क्षेत्रको तापक्रम १.८ डिग्रीसम्म वृद्धि भइसकेको पुष्टि भएकाले सोही कारण यो विपत्ति आएकामा शंका छैन। जलवायु परिवर्तन विश्वव्यापी योगदान हो र प्रतिकार्य पनि विश्वव्यापी जिम्मेवारी हो।'

प्रधानमन्त्री शाहले यस घटनाले हिमालय क्षेत्रमा जलवायु परिवर्तनसँगै हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको संकेत गरेको उल्लेख गरेका छन्।

'हामी सबैमाझ कसरी यो विपद् आइलाग्यो भन्ने जिज्ञाशा उठेको छ, विज्ञहरूसँग छलफल गर्दा रसुवाको भोटेकोशी नदीमा आएको बाढी हिमालय क्षेत्रमा हिउँ चट्टानको हिमपहिरोबाट सृजित यस क्षेत्रकै ठूलो विपत्ति हो भन्ने आएको छ, त्यसैले यस क्षेत्र अझ सचेत हुनैपर्छ,' उनले भनेका छन्, 'हामीले जलवायु परिवर्तनका कारण भोग्नुपरेको विपद्को विषयबारे अन्तरराष्ट्रिय समुदायसमक्ष बलियो गरी प्रस्तुत हुनुपर्ने समय आएको छ। हिउँ चट्टान किन खस्यो ? यति धेरै पानी कसरी आयो ? भन्ने प्रश्नको जवाफ मानव सभ्यतालाई दिनैपर्छ।'

हिमनदीभित्र पग्लिएको पानीको कारणले गर्दा हिमनदीको पतनमा बरफ र पानी दुवै मिसिएको हुनसक्ने प्रधानमन्त्री शाहको भनाइ छ।

'विज्ञहरू भन्नुहुन्छ, भोटेकोशी नदीमा आएको बाढी, हिमनदीको एउटा सिङ्गै भाग ठूलो उचाइबाट खस्दा ठूलो ऊर्जासहित खसेको हुनसक्छ र खसेकै ठाउँमा पग्लिन सुरु गरी निरन्तर पग्लिँदै ठूलो बाढीको रूप लिएको हुनसक्छ। हिमालयको उचाइबाट नेपालतर्फको भूमि ओरालो लाग्दै गएकाले बाढीले थप लिँदै सो क्षेत्र क्षतविक्षत पारेको छ', प्रधानमन्त्री शाहले भनेका छन्।

प्रधानमन्त्री शाहले विनाशकारी बाढीपछि खोज, उद्धार र राहत वितरणबाट अगाडि बढ्दै पुनःस्थापनातर्फ अग्रसर भइरहेको समेत उल्लेख गरेका छन्।

साथै प्रभावित क्षेत्रका नागरिकको जीवनरक्षा गर्दै प्रभावितहरूको स्वास्थ्य बचाउन आवश्यक उपचार र मनोपरामर्श प्रदान गर्दै सरकार पुनःस्थापनातर्फ लागेको उनको भनाइ छ।

उनका अनुसार बाढी प्रभावितलाई व्यवस्थित रूपमा राहत वितरणकार्य जारी छ। नुवाकोटका १९ वटा अस्थायी आश्रय स्थलमा दुई हजार ६५३ जनाले आश्रय तथा राहत प्राप्त गरेको शाहले बताएका छन्।

रसुवाका प्रभावितहरूलाई पनि नुवाकोटमा आश्रय तथा राहत उपलब्ध गराइएको उनले जानकारी दिएका छन्।

प्रधानमन्त्री शाहले विपत्तिपछि अन्तरराष्ट्रिय स्तरबाट पनि सहयोग आउने क्रम जारी रहेको उल्लेख गरेका छन्। उनका अनुसार भारत सरकारले बाढी आएको दिनदेखि नै सहयोग दिन सुरु गरेको थियो।

भारतले हालसम्म ६८.५ टन राहत तथा उद्धार सामग्री उपलब्ध गराइसकेको छ। उद्धारका लागि भारतको ११ सदस्यीय टोली पनि नेपाल आइसकेको छ। साथै, २२ फिटको रेफ्रिजेरेटेड कन्टेनर ट्रक अस्थायी रूपमा उपलब्ध गराउने तयारी गरेको छ।

पाकिस्तानबाट ८६ टन राहत सामग्री प्राप्त हुँदैछ। श्रीलंकाले १० लाख अमेरिकी डलर बराबरको सहयोगको प्रतिबद्धता जनाएको छ। बंगलादेशले पनि राहत सामग्री पठाउने तयारी गरेको छ।

चीनले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३० करोड रूपैयाँ सहयोग गरिसकेको छ। चीनबाट आएको उद्धार टोलीले प्रभावित क्षेत्रमा काम गरिरहेको छ। चीनले ५० टन राहत सामग्री उपलब्ध गराएको छ।

साथै, नेपाल सरकारले चीनसँग प्रभावित क्षेत्रका लागि ३० वटा बेलीब्रिज सहयोग गर्न अनुरोध गरेको छ।

अमेरिकाबाट पाँच लाख अमेरिकी डलर र अष्ट्रेलियाबाट एक मिलियन अमेरिकी डलर (नगद सहयोग) को प्रतिबद्धता आएको छ। यूएईले ८३ टन अत्यावश्यक राहत सामग्री उपलब्ध गराइसकेको छ भने १० मिलियन डलरसम्मको सहयोगको प्रतिबद्धता जनाएको छ। कतारले पनि राहत सामग्री उपलब्ध गराएको छ।

स्विट्जरल्यान्डबाट एक मिलियन स्विस फ्याङ्क (संयुक्त राष्ट्र संघबाट खर्च हुने गरी) प्राप्त भएको छ।

एसियाली विकास बैंक (एडीबी) बाट बजेटरी सहयोग (अनुदान) का लागि पाँच मिलियन अमेरिकी डलर, विश्व बैंकबाट १६७ मिलियन अमेरिकी डलरको सहुलियतपूर्ण कर्जा, एसियाली विकास बैंकबाट प्राविधिक सहायताका लागि एक लाख ५० हजार अमेरिकी डलर उपलब्ध गराउने प्रतिबद्धता आएको छ।

यस कार्यमा युके, जापानलगायत मित्रराष्ट्रबाट पनि सहयोगको प्रतिबद्धता आएको छ भने इयू र सयुक्त राष्ट्रसंघका निकायहरूबाट पनि सहयोग प्राप्त भइरहेको प्रधानमन्त्री शाहले जनाएका छन्।

अपन दैनिक
- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क ०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, सिरहा

## सिरहामा मानव बेचबिखनविरुद्ध राष्ट्रिय दिवस ............

गोलबजार नगरपालिकास्थित अतिथि सदनमा मुक्ति नेपाल र दलित जनकल्याण युवा क्लबको संयोजनमा २०औं मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस मनाउने निर्णय गरिएको हो।

त्यसैगरी, दिवसका अवसरमा कार्यक्रम सञ्चालन गर्न सिरहा जिल्लाका सबै स्थानीय तहलाई पत्राचार गर्ने निर्णयसमेत बैठकले गरेको छ।

बैठकमा जिल्ला समन्वय समिति सिरहाका समन्वय उपप्रमुख दिलीपकुमार लामा, सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराल, जिल्ला सरकारी वकिल कार्यालय सिरहाका जिल्ला न्यायाधिवक्ता सीताराम राउत, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक बासुदेव पाठक, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापा क्षेत्री, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय सिरहाका उपअनुसन्धान निर्देशक सुरेन्द्र कोइरालालगायत विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको उपस्थिति थियो।

